आज मिति २०८३ साल साउन ०७ गते विहिबारका दिन बिहान ११:०० बजे यस जुगल गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री रेशम स्याङ्बोज्यूको अध्यक्षतामा, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, कार्यपालिका सदस्य र कर्मचारीहरुको तपसिल बमोजिमको उपस्थितिमा आ.व. २०८२/०८३ को वार्षिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न गरियो।

<u>उपस्थिति विवरणः</u>

| क्र.सं. | नाम/थर | पद | कार्यालय/शाखा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री रेशम स्याङ्वो | अध्यक्ष | जुगल गाउँपालिकाको कार्यालय | |
| २. | श्री हिमाल कुमार श्रेष्ठ | उपाध्यक्ष | " | |
| ३. | श्री गौरवराज के सी | प्रमुख प्रशासकीय अधिकृत | " | |
| ४. | श्री जनक बहादुर तामाङ | वडाध्यक्ष | १ नं. वडा कार्यालय | |
| ५. | श्री चन्द्रकाजी लामा | वडाध्यक्ष | २ नं. वडा कार्यालय | |
| ६. | श्री लक्ष्मान लामा दोङ | वडाध्यक्ष | ३ नं. वडा कार्यालय | |
| ७. | श्री प्रेम तामाङ | वडाध्यक्ष | ४ नं. वडा कार्यालय | |
| ८. | श्री रविन्द्र घिमिरे | वडाध्यक्ष | ५ नं. वडा कार्यालय | |
| ९. | श्री टंक तामाङ | वडाध्यक्ष | ६ नं. वडा कार्यालय | |
| १०. | श्री रवि तामाङ | वडाध्यक्ष | ७ नं. वडा कार्यालय | |
| ११. | श्री हेलामो तामाङ | कार्यपालिका सदस्य | जुगल गाउँपालिकाको कार्यालय | |

| | | | | |
|---|---|---|---|---|
| १२. | श्री सुनमाया सुनार | कार्यपालिका सदस्य | जुगल गाउँपालिकाको कार्यालय | |
| १३. | श्री सञ्जु नेपाली | कार्यपालिका सदस्य | " | |
| १४. | श्री माया वि.क. | कार्यपालिका सदस्य | " | |
| १५. | श्री कविता माया श्रेष्ठ | कार्यपालिका सदस्य | " | |
| १६. | श्री रेस्मिता श्रेष्ठ | कृषि अधिकृत | कृषि विकास शाखा | |
| १७. | श्री अनिल साउद | जनस्वास्थ्य निरिक्षक | स्वास्थ्य शाखा | |
| १८. | श्री सुरज गिरी | प्रशासन अधिकृत | प्रशासन शाखा | |
| १९. | श्री विनोद गौतम | सूचना प्रविधि अधिकृत | सूचना प्रविधि शाखा | |
| २०. | श्री सुनिल तामाङ | ईन्जिनियर | भौतिक पूर्वाधार शाखा | |
| २१. | सन्तोष नेपाल | रोजगार संयोजक | रोजगार शाखा | |
| २२. | श्री चिरन्जिवि थापा | लेखापाल | आर्थिक प्रशासन शाखा | |
| २३. | श्री भेषराम उपाध्याय | प्रा.शि.द्वित्रिय | संघ संस्था समन्वय शाखा | |
| २४. | श्री सुजन काफ्ले | सव ईन्जिनियर | भौतिक पूर्वाधार शाखा | |
| २५. | श्री करुणा सापकोटा | पब्लिक हेल्थ नर्स | स्वास्थ्य शाखा | |
| २६. | कल्पना कुमारी पाध्या | प्राविधिक सहायक | शिक्षा शाखा | |
| २७. | श्री मनिता तामाङ | रोजगार सहायक | प्रशासन शाखा | |
| २८. | श्री रमा कार्की | उद्यम विकास सहजकर्ता | उद्यम विकास शाखा | |
| २९. | श्री सुलोचना दाहाल | नेत्र सहायक | जुगल ग्रामीण आँखा केन्द्र | |

| | | | | |
|---|---|---|---|---|
| ३०. | श्री गणेश भट्ट | सहायक चौथो | योजना तथा अनुगमन शाखा | |
| ३१. | श्री नारायण पराजुली | अमिन | जुगल गाउँपालिका | |
| ३२. | श्री लाल बहादुर बयक | ना.प्रा.स. | राजस्व तथा व्यवसाय दर्ता शाखा | |
| ३३. | श्री राज अधिकारी | ना.प.से.प्रा. | पशु विकास शाखा | |
| ३४. | अच्युत अधिकारी | फिल्ड सहायक | पञ्जिकरण शाखा | |
| ३५. | श्री जुना श्रेष्ठ | पोषण सहजकर्ता | स्वास्थ्य शाखा | |
| ३६. | विपिलाल लामा | कार्यालय सहयोगी | जुगल गाउँपालिकाको कार्यालय | |
| ३७. | सुकदेव पौडेल | कार्यालय सहयोगी | " | |
| ३८. | रुपा पौडेल | कार्यालय सहयोगी | " | |
| ३९. | सुष्मिता मगर | कार्यालय सहयोगी | " | |
| ४०. | सिता देवी बराल | कार्यालय सहयोगी | " | |
| ४१. | सानु नेपाली | कार्यालय सहयोगी | " | Sanu |
| ४२. | राजन श्रेष्ठ | वैद्य | | |
| ४३. | अञ्जु [illegible] | कृ.वि.प्र. | | |
| ४४. | जिवन क्षत्री | प्रशासन सहायक पाँचौं | प्रशासन शाखा | |
| ४५. | | | | |
| ४६. | | | | |
| ४७. | | | | |
| ४८. | | | | |
| ४९. | | | | |

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

सभाध्यक्ष महोदय,

सभाका सदस्य ज्यूहरु,

जुगल गाउँपालिकाले 'जनताको साथ, जनताको सरकार' भन्ने भावनालाई आत्मसात गर्दै आगामी दिनहरूमा अझ प्रभावकारी, जनमुखी र पारदर्शी सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। यस कार्यले हाम्रो सेवा प्रवाहमा सुधार ल्याउने, जनताको आवश्यकता पहिचान गर्न सहयोग पुऱ्याउने र आगामी दिनमा अझ प्रभावकारी नीति तथा योजना बनाउने दिशामा मार्गदर्शन गर्नेछ भन्ने विश्वास लिएको छु। तपाईंहरूको प्रत्यक्ष सहभागिताबाटै हाम्रो योजना, कार्यान्वयन र सेवा प्रवाहमा गुणात्मक सुधार ल्याउन सकिनेछ।

अब म हाम्रो जुगल गाउँपालिकाको आर्थिक वर्ष ०८२/८३ को हाल सम्मको प्रगति प्रतिवेदन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## जुगल गाउँपालिकाको आ.व. २०८२/०८३ को प्रगति प्रतिवेदन

**आय व्ययः**

यस जुगल गाउँपालिकाको चालु आ.व.२०८२/०८३ को कुल बार्षिक बजेट रु.६३,२५,११,५१५।- ( ६३ करोड २५ लाख ११ हजार ५१५ रुपैया मात्र) रहेको थियो।जसमा चालु बजेट तर्फ रु.३७,५६,९२,०१५।- (३७ करोड ५६ लाख ९२ हजार १५ रुपैया ) विनियोजन भएकोमा हालसम्ममा रु.२३,७८,९८,६९३।- (६३.३२%) खर्च भएको छ भने पुँजीगत बजेटतर्फ रु.२५,६८,१९,५००।- (२५ करोड ६८ लाख 1९ हजार ५ सय रुपैया) विनियोजन भएकोमा जम्मा खर्च रु.१४,७४,९४,०३८।- (५७.३९%) खर्च भएको छ।समग्रमा कुल बजेटको ६०.९१ % खर्च भएको छ।

**१.सुशासन तथा सार्वजनिक सेवा प्रवाहतर्फः**

**(क) सार्वजनिक सेवाः**

१. गाउँपालिकाको स्वीकृत साङ्गठनिक संरचना तथा दरबन्दी तेरिज (O&M) अनुसार रिक्त रहेका पदहरूमा बागमती प्रदेश लोक सेवा आयोगमार्फत स्थायी पदपूर्ति गरी सेवा प्रवाहलाई थप प्रभावकारी र सुदृढ बनाइएको छ।

२. गाउँपालिकाका सम्पूर्ण सार्वजनिक खरिद सम्बन्धी कार्यहरू प्रचलित कानुन बमोजिम विद्युतीय बोलपत्र (e-GP) तथा सिलबन्दी दरभाउ पत्र लगायतका माध्यमबाट पारदर्शी रूपमा सम्पादन गरिँदै आएको छ ।

३. गाउँपालिका कार्यालयबाट सम्पादन हुने दैनिक सेवा प्रवाहलाई थप नतिजा मुलक तथा प्रभावकारी बनाउन आन्तरिक व्यवस्थापन कार्यलाई सवलीकरण गरिएको छ ।

४. पालिका मातहतका स्वास्थ्य संस्थाहरूको संस्थागत क्षमता र कार्यालय व्यवस्थापनका लागि आवश्यक फर्निचर तथा सामग्रीहरूको व्यवस्थापन गरिएको छ।

५. सेवा प्रवाह सम्बन्धी मापदण्ड (SOP: Standard Operating Procedure) निर्माण गरी लागू गरिएको छ।

६. दरबन्दी तेरिज बमोजिम कार्यरत कर्मचारीहरूको पद अनुसारको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व स्पष्ट रूपमा समेटिएको कार्यविवरण लागू गरिएको छ।

७. विभिन्न सङ्घ तथा प्रदेशस्तरीय कार्यक्रम एवं तालिमहरूमा गाउँपालिकाका ३० जना कर्मचारीहरूलाई ३१ पटक सहभागी गराई क्षमता अभिवृद्धि गरिएको छ।

८. कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकासका लागि मिति २०८२ चैत्र १९ र २० गते क्षमता विकास तालिम सञ्चालन गरिएको छ।

९. जनप्रतिनिधिहरूको क्षमता विकासका लागि छिमेकी प्रदेशका सफल स्थानीय तहहरूमा कार्यान्वयन भएका असल अभ्यासहरूको ५ दिने अध्ययन, अवलोकन तथा अनुभव आदान-प्रदान भ्रमण कार्यक्रम सम्पन्न गरिएको छ। उक्त भ्रमणबाट प्राप्त उपयोगी सिकाइ तथा सुशासनका सफल अभ्यासहरूबारे जुगल गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरूसँग छलफल गरी कार्यस्थलमा उपयोग गर्ने नीति लिइएको छ।

१०. गाउँपालिकाको महत्त्वपूर्ण सरकारी कागजात र अभिलेखको सुरक्षित व्यवस्थापनका लागि व्यवस्थित अभिलेखालयको स्थापना गरिएको छ। साथै, 'Data Server' मार्फत सरकारी अभिलेखहरूलाई डिजिटलाइजेसन (Digitization) गर्ने कार्य सुचारु गरिएको छ।

११. ई-हाजिरी, CC-Camera एकीकृत व्यवस्थापन प्रणाली प्रयोगको लागि नियमित रुपमा अनुगमन गरी सेवा प्रवाहलाई थप छिटो, छरितो, पारदर्शी र नतिजामुखी बनाइएको छ।

१२. गाउँपालिकाको वास्तविक तथ्याङ्क सङ्कलन गरी योजना तर्जुमालाई वैज्ञानिक बनाउन 'भिलेज प्रोफाइल' (Village Profile) निर्माणको कार्य अन्तिम चरणमा पुऱ्याइएको छ।

१३. नागरिक सरोकारको विषयमा सुचनामा पहुँचको लागि त्रैमासिक रुपमा स्वतःप्रकाशन गरिएको छ। त्रैमासिक रुपमा गाँउपालिकाको आय र व्ययको समीक्षा गरिएको छ ।

१४. गाउँपालिका कार्यालयमा आउने सेवाग्राहीहरूका लागि सहायता कक्ष (हेल्प डेस्क) मार्फत आवश्यक कागजात चेकजाँच गर्ने तथा निःशुल्क रूपमा निवेदन/फारम लेखिदिने सेवा निरन्तर रूपमा प्रदान गर्दै आएको छ।

१५. गाउँपालिकाको महत्वपूर्ण सूचनाहरु नियमित रुपमा गाउँपालिकाको वेवसाइट र facebook मार्फत प्रकाशित गरिएको छ ।

१६. व्यावसायिक तथा व्यक्तिगत स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र सम्बन्धी सेवालाई स्थानीयस्तरमै प्रभावकारी रूपमा प्रदान गर्न आवश्यक जनशक्ति र स्रोत-साधनको समुचित व्यवस्थापन गरिएको छ।

**(ख) व्यवसाय तथा राजश्व शाखाः**

१. आ.व २०८२/०८३ सम्म जम्मा ३१० वटा व्यवसायहरु दर्ता भई सञ्चालनमा रहेका छन्। चालु आ.व.को श्रावण देखि हाल सम्ममा जम्मा ११ वटा नयाँ व्यवसायहरु दर्ता भएका छन् भने ६४ वटा व्यवसायहरु नविकरण भएका छन् ।
२. गाउँपालिकाभित्र सञ्चालित विभिन्न उपभोक्तामुखी विकास योजनाहरूलाई जनसहभागितामूलक र पारदर्शी ढङ्गले कार्यान्वयन गर्नका लागि हालसम्म जम्मा १२९ वटा उपभोक्ता समितिहरू दर्ता भई परिचालन गरिएका छन्।
३. गाउँपालिकाको राजस्व सङ्कलन, लेखाङ्कन तथा वित्तीय व्यवस्थापनलाई पारदर्शी, सुरक्षित र प्रविधिमैत्री बनाउन स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) पूर्ण रूपमा लागू गरिएको छ।

चालू आर्थिक वर्षमा गाउँपालिकाको आन्तरिक आयतर्फ सङ्कलन भएको राजस्वको विधागत विवरण निम्न अनुसार रहेको छः

**गाउँपालिका कार्यालय र वडा कार्यालयबाट संकलन भएको राजश्व विवरणः**

| क्र.सं. | कार्यालय | जम्मा रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | गाउँपालिका कार्यालय | १,०६,६४,०५९ | स्लेट ढुङ्गाबाट संकलित रु. ६६ लाख रुपैयाँ |
| २. | वडा नं.१ सेलाङ | ३,४०,१५२ | |
| ३. | वडा नं.२ गोल्चे | ३,७९,४४१ | |
| ४. | वडा नं.३ गुम्बा | ५,७८,८२५ | |
| ५. | वडा नं.४ पाङताङ | ५,२९,५७५ | |
| ६. | वडा नं.५ बराम्ची | ५,०९,०६२ | |
| ७. | वडा नं.६ हगाम | २,९२,३४९ | |
| ८. | वडा नं.७ याङ्लाकोट | २,६३,२११ | |
| | जम्मा | १,३५,५६,६७७ | १ करोड ३५ लाख ६ हजार छ सय सतसठ्ठी रुपैयाँ । |

**(ग) कानून निर्माणः**

१. कार्यालयबाट सम्पादन हुने कार्यलाई कानुन बमोजिम सञ्चालन गर्ने आवश्यकताका आधारमा ऐन, नियमावली, निर्देशिका तथा नीति तथा कार्यविधिहरु निर्माण तथा संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ।
२. यस आर्थिक वर्षमा १ वटा कार्यविधि, २ वटा कार्यविधि संशोधन भएको छ।

**(घ) योजना तथा कार्यक्रमः**

१. P.M.S. System बाट १७६ वटा सम्झौता गरिएकोमा सम्झौता सम्पन्न गरिएकोमा, तीमध्ये निर्माण कार्य र प्रक्रिया पूरा भएका १२५ वटा योजनाहरूको अन्तिम भुक्तानी कार्य सम्पन्न भइसकेको छ।
२. स्थानीय स्तरमा जनसहभागिता र अपनत्व अभिवृद्धि गर्ने उद्देश्यले २ वटा टोल विकास संस्थामार्फत ५ वटा विभिन्न विकास योजनाहरू सञ्चालनमा रहेका छन्।
३. गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको भुक्तानी गर्दा चरणबद्ध रुपमा अनुगमन गरी मुल्याङ्कन पश्चात मात्र भुक्तानी कार्य गरिदै आएको छ।

**२. सामाजिक विकास तर्फः**

**(क) शिक्षा, युवा तथा खेलकुदः**

१. जुगल गाउँपालिकाको दीर्घकालीन शैक्षिक विकासका लागि **'गाउँ शिक्षा योजना'** निर्माण कार्य अन्तिम चरणमा पुऱ्याइएको छ।
२. विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक सुधारका लागि पालिका स्तरीय प्रधानाध्यापक बैठक र गाउँ शिक्षा समितिको बैठक प्रत्येक दुई-दुई महिनामा नियमित रूपमा सञ्चालन गरिएको छ।
३. विद्यालय एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) २०८२ सम्बन्धी तथ्याङ्क संकलन, अद्यावधिक तथा व्यवस्थापन कार्य समयमै सम्पन्न गरिएको छ।
४. गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको तलब, भत्ता तथा पारिश्रमिक बापतको दोस्रो त्रैमासिकसम्म रकम निकासा कार्य सम्पन्न गरिएको छ।
५. गाउँपालिकाबाट रिक्त रहेका विद्यालयहरुमा शिक्षक नियुक्ति गर्नको लागि पालिकास्तरबाट शिक्षक विज्ञापन गरिएको छ।
६. विद्यालयहरूको आवश्यकता र कानुनी प्रावधान बमोजिम शिक्षकहरूको सरुवा तथा मिलान प्रक्रियालाई सहजीकरण गरिएको छ।
७. शिक्षक मेन्टरिङ कार्यक्रम समापन गरिएको छ ।
८. गाउँपालिकाभित्रका ३५ वटा सामुदायिक विद्यालयहरूको स्थलगत सुपरीवेक्षण, अनुगमन तथा नियमन कार्य सम्पन्न गरिएको छ।
९. स्थानीय तह स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) को परीक्षा सञ्चालन, मूल्याङ्कन, प्रमाणीकरण र नतिजा प्रकाशन कार्य व्यवस्थित रूपमा सम्पन्न गरिएको छ।

१०. विद्यालयहरूको रङरोगन, घेराबार तथा मर्मत-सम्भारका लागि सम्झौता भएका योजनाहरूको कार्यप्रगतिको स्थलगत अनुगमन तथा प्राविधिक जाँच गरिएको छ।

११. असहाय, गरिब तथा अनाथ बालबालिकाहरूलाई सुरक्षित आवास (छात्रावास) सहित गुणस्तरीय शिक्षा प्रदान गर्न सेलाङ माध्यमिक विद्यालयमा 'बालग्राम' सञ्चालन गरिएको छ।

१२. विद्यार्थीहरूको नियमित उपस्थिति र पोषणलाई सुनिश्चित गर्न दिवा खाजा व्यवस्थापन कार्यक्रम अन्तर्गत साउनदेखि चैत महिनासम्मको अनुदान रकम एकमुष्ट विद्यालयहरूको खातामा निकासा गरिएको छ।

१३. प्रत्येक विद्यार्थी लागत (PCF) का आधारमा शैक्षिक सामग्री वितरण गरिनुका साथै लक्षित वर्गका दलित छात्र र शतप्रतिशत छात्राहरूलाई छात्रवृत्ति बापतको रकम प्रदान गरिएको छ।

१४. किशोरीहरूको शैक्षिक निरन्तरता र महिनावारी स्वच्छताका लागि पालिकाभित्रका सबै सामुदायिक विद्यालयहरूमा कक्षा ६ भन्दा माथिका छात्राहरूका लागि गुणस्तरीय स्यानिटरी प्याड उपलब्ध गराइएको छ।

१५. विद्यार्थीहरूको बौद्धिक क्षमता विकास र लुकेका प्रतिभा पहिचान गर्न पालिकाव्यापी सामुदायिक विद्यालय स्तरीय हाजिरी जवाफ र आधारभूत विद्यालय स्तरीय हिज्जे प्रतियोगिता र आधारभूत विद्यालयस्तरीय हाजिरजवाफ प्रतियोगिता सञ्चालन गरिएको छ।

१६. गाउँपालिकास्तरीय तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, कराते खेल विधा र गाउँपालिका स्तरीय अन्य अतिरिक्त क्रियाकलापहरू सफलतापूर्वक सम्पन्न गरिएका छन्।

**(ख) महिला, बालबालिका, जेष्ठ नागरिक तथा लक्षित वर्गः**

१. बाबु-आमा दुवै गुमाएका (अनाथ) बालबालिकाहरूको पालनपोषण र शिक्षाको निरन्तरताका लागि प्रदेश ससर्त कार्यक्रम अन्तर्गत १८ वर्षको उमेरसम्म मासिक रु. २,००० (दुई हजार) का दरले सामाजिक संरक्षण भत्ता वितरण गरिदै आएको छ।

२. चालू आर्थिक वर्षमा १४ जना थप भई गाउँपालिकाभित्र हालसम्म कूल २११ जना अपाङ्गता भएका नागरिकहरूलाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ।

३. चालू आर्थिक वर्षमा ६ जना थप भई हालसम्म कूल २०४ जना ज्येष्ठ नागरिकहरूलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ।

४. शारिरीक अपाङ्गता भएका बालबालिकाहरुको स्वास्थ्य उपचार, शल्यक्रिया तथा पुनर्स्थापनाका लागि अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपासँग द्विपक्षीय सम्झौता भई हाल ७ जना अपाङ्गता भएका बालबालिकाले उपचार सेवा पाएका छन् ।अपाङ्गता पहिचान सम्बन्धी १ दिने घुम्ति शिविर कार्यक्रम संचालन गरि ८ जनालाई सहायक सामग्री वितरण गरिएको छ ।

५. लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियानमा सरोकारवाला (जनप्रतिनीधि, महिला समूह, आमा समुह) बीच चेतनामुलक लोकगीत कार्यक्रम सम्पन्न भएको छ ।

६. सामाजिक विकास कार्यालय, काभ्रेपलाञ्चोकको समन्वय तथा जुगल गाउँपालिकाको आयोजनामा गृहिणी महिलाहरूको आर्थिक आत्मनिर्भरताका लागि वडा नं. ३ गुम्बा गाउँका २५ जना महिलाहरूको सहभागितामा १५ दिने 'होमस्टे (घरबास) व्यवस्थापन' , वडा नं. ७ याङ्लाकोटमा ३० जना महिलाहरूको

सहभागितामा डल्ला साबुन, झोल साबुन र हार्पिक बनाउने तालिम, वडा नं. ५ ढाँडेमा २० जना गृहिणी महिलाहरूको सहभागितामा १६० घण्टाको 'ढाका बुनाइ' सम्बन्धी व्यवसायिक तालिम र श्री बोल्दे आमा समूहका ३० जना सदस्यहरूको सहभागितामा ७ दिने डल्ला साबुन, झोल साबुन र हार्पिक बनाउने रोजगारमूलक तालिमहरू सम्पन्न गरिएका छन् ।

७. जुगल गाउँपालिका वडा नं १ सेलाङको श्री क्रयाशिल महिला बचत तथा ऋण सहकारी संस्था वडा नं ६ को खानीडाँडा आमा समुह र वडा नं ५ मा रहेको लालिगुँरास आमा समुहहरुको समन्वयमा विभिन्न सांस्कृतिक कार्यक्रमहरु गरि अन्तराष्ट्रिय नारि दिवस मनाइएको छ र साथै आमा समुहहरुलाई कुर्सि र डसविन वितरण गरिएको छ ।

८. जुगल गाउँपालिका वडा नं ४ मा रहेका सुनौलो हजार दिनका आर्थिक अवस्था कम्जोर भएको शारिरीक अपाङ्गता भएका आमालाई नगद रु १५००० हजार र आमा बच्चालाइ न्यानो कपडा, भाडकुँडा वितरण गरि सहयोग गरिएको छ ।

९. मानसिक विचलन भएको जुगल ५ निवासी १ जना महिलालाई आवश्यक सहायता प्रदान गरी आवश्यक संरक्षणका लागि महिला आत्मनिर्भरता केन्द्रमा राखिएको छ ।

१०. वडा नं. २ किप्चे, वडा नं. ३ पागर्पुर तथा वडा नं. ५ मा रहेका श्री सेतीदेवी माध्यमिक विद्यालय र श्री रामेश्वर माध्यमिक विद्यालयहरूमा बालविवाह न्यूनीकरणका लागि समुदाय परिचालन सम्बन्धी र विद्यालय स्तरमा चेतनामूलक अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।

११. वडा नं. २ किप्चे, वडा नं. ३ पागर्पुर तथा वडा नं. ५ मा रहेका श्री सेतीदेवी माध्यमिक विद्यालय र श्री रामेश्वर माध्यमिक विद्यालयहरूमा बालविवाह न्यूनीकरणका लागि समुदाय परिचालन सम्बन्धी र विद्यालय स्तरमा चेतनामूलक अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।

**(ग) स्वास्थ्य:**

१. मिर्गौला प्रत्यारोपण गरेका, नियमित डायलाइसिस गरिरहेका, क्यान्सर सङ्क्रमित र मेरुदण्ड पक्षाघात (Spinal Injury) भएका गाउँपालिकाभित्रका हालसम्मका जम्मा ३७ जना बिरामीहरूलाई मासिक रु. ५,००० का दरले स्वीकृत बजेटबाट कूल रु. १०,४०,०००।- (अक्षरूपी दश लाख चालिस हजार रुपैयाँ) उपचार खर्चबापत वितरण गरिएको छ।

२. 'विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०८०' (पहिलो संशोधन, २०८२) बमोजिम गठित जुगल गाउँपालिका विपन्न नागरिक औषधि उपचार सहुलियत सिफारिस समितिबाट चालू अवधिमा जम्मा २२ जना जटिल र कडा रोगका बिरामीहरूलाई सहुलियत उपचारका लागि सङ्घीय तथा प्रादेशिक अस्पतालहरूमा सिफारिस उपलब्ध गराइएको छ।

३. आर्थिक अवस्था कमजोर भएका विपन्न तथा असहाय ३२ जना रोगी व्यक्तिहरूलाई औषधि उपचार सहायता खर्चबापत गाउँपालिकाबाट कूल रु. ७,६५,०२५।- (अक्षरूपी सात लाख पैसठ्ठी हजार पच्चीस रुपैयाँ) आर्थिक सहयोग प्रदान गरिएको छ।

४. पालिकाका सबै वडाहरूमा कक्षा ६ देखि १० सम्मका छात्राहरू र १० देखि १४ वर्ष उमेर समूहका विद्यालय नजाने किशोरीहरूलाई लक्षित गरी सञ्चालन गरिएको विद्यालय केन्द्रित एच.पी.भी. (HPV)

खोप अभियान (आ.व. २०८२/०८३) मा ९७ प्रतिशत लक्ष्य (प्रगति) हासिल गरी सफलतापूर्वक सम्पन्न भएको छ।

५. मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम अन्तर्गत ग्रामीण क्षेत्रका गर्भवती महिलाहरूको गर्भ जाँच र सुरक्षित मातृत्व सुनिश्चित गर्न मिति २०८२/१२/०४ देखि २०८२/१२/०९ गतेसम्म सञ्चालन गरिएको निःशुल्क ग्रामीण अल्ट्रासाउन्ड (भिडियो एक्स-रे) कार्यक्रमबाट जम्मा ६४ जना गर्भवती महिलाहरू प्रत्यक्ष लाभान्वित भएका छन्।

६. गाउँपालिकाभित्रका सबै वडाहरूमा बालस्वास्थ्य र खोपको कभरेज सुनिश्चित गर्दै मिति २०८३/०२/२७ गते 'गाउँपालिका स्तरीय पूर्ण खोप वडा सुनिश्चितता तथा प्रमाणीकरण सभा' भव्यताका साथ सम्पन्न गरिएको छ।

७. विशेषज्ञ चिकित्सकहरूको टोलीमार्फत छाला रोग, बाल रोग, जनरल रोग, श्रवण, दृष्टि, दन्त परीक्षण, बाथ, मुटु रोग सम्बन्धी जाँच एवं रक्त समूह पहिचान सम्बन्धी वृहत् निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। उक्त शिविरबाट ५९० जना महिला र ५८८ जना पुरुष गरी कूल १,१७८ जना नागरिकहरूले प्रत्यक्ष स्वास्थ्य सेवा प्राप्त गरेका छन्।

८. ३० देखि ४९ वर्ष उमेर समूहका महिलाहरूलाई लक्षित गरी सबै वडाहरूमा HPV-DNA विधिबाट पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ सम्बन्धी निःशुल्क घुम्ती शिविर सञ्चालन गरिएकोमा ३९६ जना महिलाहरूले सेवा प्राप्त गरेका छन्।

९. सबै वडाहरूमा प्रजनन रुग्णता सम्बन्धी निःशुल्क घुम्ती शिविर मिति २०८३/०२/०६ देखि २०८३/०२/१४ गतेसम्म सञ्चालन गरिएको छ। जसअन्तर्गत ३० देखि ४९ वर्षका ६१ जना महिलाहरूको VIA विधिबाट पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गरिएको र स्क्रिनिङका क्रममा 'पोजिटिभ केस' देखिएका २० जना महिलाहरूलाई थप उपचार सेवा प्रदान गरी कूल ८१ जनालाई सेवा दिइएको छ।

१०. सुरक्षित प्रसूति सेवालाई प्रोत्साहन गर्न गाउँपालिकाद्वारा सञ्चालित 'एकतर्फी निःशुल्क एम्बुलेन्स सेवा' अन्तर्गत चालू अवधिमा १७ जना सुत्केरी महिलाहरूलाई सेवा दिइएको छ भने पूर्व सेवा लिएका १५ जना सुत्केरीहरूलाई रु. १,०८,०००।- सुत्केरी यातायात खर्चबापत भुक्तानी गरिएको छ।

११. आकस्मिक उपचारका लागि अस्पताल जानुपर्ने अवस्थाका ५ जना अति विपन्न नागरिकहरूलाई गाउँपालिकाको समन्वयमा पूर्ण रूपमा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ।

**नागरिक आरोग्य सेवा केन्द्रः**

१. जुगल गाउँपालिकामा आ.व. २०८२/०८३ मा नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनका लागि आवश्यक स्रोत-साधन तथा जनशक्तिको व्यवस्थापन गरी स्थानीय समुदायस्तरमा रोग निवारण, उपचार तथा स्वास्थ्य सचेतना अभिवृद्धि गरी आयुर्वेद सम्बन्धी स्वास्थ्य सेवामा पहुँच विस्तार, जडिबुटीजन्य उपचार पद्धतिको प्रवर्द्धन, रोग निवारण तथा स्वास्थ्य संवर्द्धनका गतिविधिहरू सञ्चालन गर्नुका साथै आयुर्वेदिक औषधि वितरण सेवा प्रदान गरिएको छ।

२. उक्त सेवा केन्द्रमार्फत जडिबुटीजन्य उपचार सेवाबाट १८ जना सेवाग्राही लाभान्वित भएका छन्।

**पोषण तर्फः**

१. गाउँपालिकाका ७ वटै वडाहरूका विभिन्न टोल तथा समुदायमा २९९ जना सुनौलो हजार दिनका आमाहरू, गर्भवती महिलाहरू, जनप्रतिनिधिहरू, महिला स्वास्थ्य स्वयंसेविकाहरू र कर्मचारीहरूको सक्रिय सहभागितामा 'पोषिलो जाउलो प्रदर्शन तथा अभिमुखीकरण' कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ।

२. पालिकाका सबै वडाहरूमा सुनौलो हजार दिनका आमाहरू, जनप्रतिनिधिहरू, स्वास्थ्यकर्मीहरू, शिक्षकहरू, पोषण समितिका पदाधिकारीहरू र आमा समूहका सदस्यहरूको सहभागितामा **"हरेक बार, खाना चार"** सम्बन्धी व्यवहार परिवर्तनका लागि 'पोषण नाङ्लो प्रदर्शन' कार्यक्रम सञ्चालन गरिएको छ। साथै, सो सम्बन्धी सचेतना फैलाउन खटिएका १४ जना आमाहरूलाई प्रदर्शन गरिएका सामग्रीहरू समेत वितरण गरिएको छ।

३. श्री सेतीदेवी माध्यमिक विद्यालय र श्री रामेश्वर माध्यमिक विद्यालयका छात्राहरूलाई लक्षित गरी महिनावारी सरसफाइ तथा स्वच्छता सम्बन्धी १ दिने सचेतनामूलक अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।

४. गाउँपालिकालाई पोषणका सूचकहरूमा अगाडि बढाउने नीति अनुरूप वडा नं. २ र ७ लाई 'पोषणमैत्री नमुना गाउँ' का रूपमा विकास गर्न छनोट गरी विभिन्न प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गरिएका छन्।

५. पालिकाभित्रका स्वास्थ्य संस्थाहरूलाई 'पोषणमैत्री स्वास्थ्य संस्था' घोषणा गर्ने लक्ष्यका साथ मापदण्ड अनुसार वर्गीकरण गरी आवश्यक तयारीका कार्यक्रमहरू सञ्चालन गरिएको छ।

६. विद्यालय दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित र स्थानीय उत्पादनमा आधारित बनाउन श्री सेलाङ माध्यमिक विद्यालयमा फलामे टनेल निर्माण गरिनुका साथै 'विद्यालय करेशाबारी' को स्थापना गरिएको छ।

७. वडा नं. ७ का सुनौलो हजार दिनका २० जना आमाहरूलाई घरमै सुरक्षित र ताजा सागसब्जी उत्पादन गर्न प्रोत्साहन गर्ने उद्देश्यले आवश्यक बिउबिजन तथा सामग्रीसहित २ दिने 'पोषण बगैंचा निर्माण' सम्बन्धी व्यावहारिक तालिम प्रदान गरिएको छ।

८. गर्भवती महिलाहरूको पोषणमा सुधार ल्याउन र नियमित गर्भ जाँचलाई प्रोत्साहन गर्न "प्रत्येक भेट, अण्डा एक क्रेट" कार्यक्रम सबै वडाहरूमा सञ्चालन गरिएको छ। यस अन्तर्गत स्वास्थ्य संस्थामा आई तोकिए बमोजिम नियमित गर्भ जाँच गराएबापत हालसम्म जम्मा **२२** जना गर्भवती आमाहरूलाई प्रतिभेट १ क्रेटका दरले अण्डा वितरण गरिएको छ।

९. सुनौलो हजार दिनका विपन्न महिलाहरूको आर्थिक अवस्था सुधार र पोषणको पहुँच बढाउन आयआर्जन अनुदान वितरणका लागि वडा नं. ३ बाट २० जना, वडा नं. ४ बाट ५ जना र वडा नं. ६ बाट ३ जना गरी कूल २८ जना महिलाहरू छनोट गरिएको छ।

**ग्रामीण आँखा केन्द्रः**

१. गाउँपालिकाद्वारा सञ्चालन गरिएको ७ वटै वडामा निःशुल्क आँखा शिविर सञ्चालन गरिएको छ र उक्त शिविर कार्यक्रमबाट १८६२ जनाले लाभ लिएका छन् । त्यसैगरी तिलगंगा आँखा प्रतिष्ठानको सहयोगमा २४ जनाको निशुल्क मोतिविन्दु शल्यक्रिया गरिएको छ।

२. गाउँपालिकाद्वारा गरिएको निःशुल्क आँखा शिविरबाट मोतिविन्दु छनौट भएकाहरुको शल्यक्रियाको लागि आवतजावत गर्न निःशुल्क सवारी साधनको व्यवस्था गरिएको छ ।

३. जुगल ग्रामीण आँखा केन्द्रबाट यो आ व मा हालसम्म १९८ महिला र १९५ जना पुरुष गरी जम्मा ३९३ जना सेवाग्राहीले सेवा प्राप्त गरेका छन।साथै ३६ जना जेष्ठ नागरिकहरुलाई निःशुल्क आँखा जाँच गरिएको छ ।

४. जुगल गाउँपालिकाको आयोजनामा जुगल ग्रामिण आँखा केन्द्रले ८ वटा विद्यालयहरुमा विद्यालय आँखा स्वास्थ्य अनुगमन र चेकजाँच गरी आवश्यक परामर्श तथा औषधि उपलब्ध गराएको छ ।

५. जुगल ग्रामिण आँखा केन्द्रबाट हालसम्म रेफर भएर आएका १०६ जना बिद्यार्थीको निशुल्क चेकजाँच गरि २० जनालाई निःशुल्क चस्मा वितरण गरिएको छ।

६. जुगल ग्रामिण आँखा केन्द्रबाट हालसम्म २७ जनालाई आकस्मिक सेवा प्रदान गरिएको छ।

**(घ) सामाजिक सुरक्षा तथा पञ्जिकरणः**

१. हालसम्म पुराना २५१५ जना र यो वर्ष नयाँ थप ८५ जना गरी जम्मा २६०० जना लाभग्राहीहरु सामाजिक सुरक्षा भत्तामा आवद्ध छन् । यो वर्ष सामाजिक सुरक्षा तर्फ कुल रु १० करोड ९० लाख ५८ हजार ८ सय २५ रुपैयाँ प्रहरी, बैंक कर्मचारी र गाउँपालिकाका कर्मचारीहरुको उपस्थितिमा वडा कार्यालय मार्फत वितरण गरिएको छ ।

२. चालू आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता तर्फ कूल रु. १०,९०,५८,८२५।- (अक्षरूपी दश करोड नब्बे लाख अट्ठाउन्न हजार आठ सय पच्चीस रुपैयाँ) वित्तीय भुक्तानी गरिएको छ। सर्वसाधारणको सहजताका लागि सुरक्षा निकाय (नेपाल प्रहरी), बैंकका प्रतिनिधि र गाउँपालिकाका कर्मचारीहरूको प्रत्यक्ष उपस्थितिमा ७ वटै वडा कार्यालयहरू मार्फत सुरक्षित रूपमा भत्ता वितरण कार्य सम्पन्न गरिएको छ।

३. आर्थिक वर्ष २०८१/०८२ को चौथो त्रैमासिक (साउन महिनामा भुक्तानी गरिएको) तथा चालू आर्थिक वर्ष २०८२/०८३ को प्रथम, दोस्रो र तेस्रो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पालिकाका सातै वटा वडाहरूबाट सफलतापूर्वक वितरण भइसकेको छ।

४. गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट जुगल गाउँपालिकाका लागि प्राप्त भएका कूल ११,७९६ वटा राष्ट्रिय परिचयपत्रहरू मध्ये पालिकाका ७ वटै वडा कार्यालयहरूमा विशेष अभियान टोली खटाई हालसम्म **५,८९० जना नागरिकहरूलाई** परिचयपत्र वितरण कार्य सम्पन्न गरिएको छ। बाँकी परिचयपत्र वितरण कार्य क्रमशः जारी रहेको छ।

५. चालू आर्थिक वर्ष २०८२/०८३ को हालसम्म गाउँपालिकाको अनलाइन प्रणालीमा दर्ता भएका व्यक्तिगत घटनाहरूको सङ्ख्यात्मक विवरण निम्न अनुसार रहेको छः जन्म दर्ताः २५५ जना, मृत्यु

दर्ताः ३३ जना, विवाह दर्ताः ३२ वटा, सम्बन्धविच्छेद दर्ताः २९ वटा, बसाइसराइ (बाहिरिएको): ५ परिवारका कूल १६ जना र जस मध्ये ८५ जना नयाँ लाभग्राही थप भएका छन् भने ६७ जनाको लगत कट्टा गरिएको छ ।

६. ५. आ.व २०८२/०८३ को हाल सम्म दर्ता भएका व्यक्तिगत घटना दर्ताहरु जन्म दर्ता २५५, मृत्यु दर्ता ३३, सम्बन्धविच्छेद २९, विवाह दर्ता ३२, वसाइसराई गएको ५ परिवारका १६ जना रहेका छन् ।

७. आ.व. २०८२/०८३ को हिजोसम्म लाभग्राहीहरूको विधागत विवरण र सङ्ख्यात्मक अवस्था निम्न बमोजिम रहेको छः ज्येष्ठ नागरिक (अन्य)१,८४९ जना, विधवा महिला १९७ जना, दलित बालबालिका १२८ जना, ज्येष्ठ एकल महिला ११३ जना, अति अशक्त अपाङ्गता भएका व्यक्ति १०३ जना, ज्येष्ठ नागरिक (दलित) ७३ जना, पूर्ण अपाङ्गता भएका व्यक्ति ५२ जना, जम्मा लाभग्राही संख्या २,५१५ जना ।

**(ङ) जीवन बीमाः**

१. ४३ जना सशस्त्र द्वन्द्वमा ज्यान गुमाएका वा घाइते व्यक्ति तथा अति विपन्न परिवारहरुको लागि १ लाखको जीवन विमा गरिएको मा हाल सम्म ४२ जनाको नविकरण गरिएको छ ।

**(च) पर्यटन तथा धर्म संस्कति :**

१. जुगल गाउँपालिकाको महत्वपूर्ण आर्थिक संवाहकको रुपमा रहेको जुगल पर्यटनको व्यवस्थापनका निम्ति पर्यटकीय सेवाहरुको मूल्य निर्धारण गरिएको छ ।

२. पर्यटक र व्यवस्थापक कम्पनीहरुले पालना गर्नुपर्ने नियमहरु निर्माण गरी लागू गरिएको छ ।

३. जुगल हिमाल क्षेत्र प्रवेशमा प्रवेश शुल्कको व्यवस्था गरिएको छ ।

४. जुगल क्षेत्रमा हुने फोहोर र फोहोर व्यवस्थापनका लागि गारबेज सिफारिस शुल्क तोकी आवश्यक नियमन गरिएको छ ।

५. जुगल गाउँपालिका ३ गुम्बा र ६ हगामका जम्मा २५ जनाले व्यवसायिक होमस्टे तथा घरबास अभिमुखिकरण तालिम प्राप्त गरेका छन् ।

६. जुगल हिमालको आधार शिविर पाल्मोथाङमा दिगो पर्यटन परियोजना र जुगल गाउँपालिकाको संयूक्त आयोजनामा खानेपानी परियोजना सम्पन्न भएको छ ।

७. गाउँपालिका र नेपाल पर्यटन बोर्डको सहकार्यमा माउन्टेन गाइड तालिम र जुगल सांस्कृतिक प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको छ ।

८. करिब ५७०० मिटर उचाइमा रहेको अनक्लाइम्ड पिकलाई "जुगल एभरेष्ट भ्यूप्वाइन्ट (ट्रेकिङ पिक)" नाम दिई ट्रेकिङ पिक को रुपमा अध्ययन गर्ने कार्य सम्पन्न भएको छ ।

## ३. आर्थिक विकासतर्फः

### (क) कृषि विकासः

१. कृषकहरूलाई समयमै मल उपलब्ध गराउन गाउँपालिकाभित्रका ३ वटा सहकारीहरूलाई ९५ मेट्रिक टन (MT) युरिया (५० केजीको १,९०० बोरा) र ५० मेट्रिक टन (MT) डि.ए.पी. (५० केजीको १,००० बोरा) खरिद तथा बिक्रीका लागि कोटा निर्धारण गरिएको छ। हाल तीनै वटा सहकारीहरू मार्फत सुलभ रूपमा मल वितरण कार्य भइरहेको छ।

२. खाद्यान्न तथा तरकारीको उन्नत जातको बीउ वितरण कार्यक्रम अन्तर्गत चालु अवधिमा ३६ घरधुरी कृषक परिवारलाई मकैको उन्नत जातको बीउ वितरण गरिएको छ।

३. 'कृषि तथा पशुपन्छी प्रवर्द्धन' एवं 'कृषि औजार तथा सामग्री खरिद' कार्यक्रम अन्तर्गत कृषकहरूलाई ५० प्रतिशत अनुदानमा ६४ वटा मिनीटिलर (Minitiller) र ७ वटा कोदो चुट्ने तथा फल्ने थ्रेसर (Thresher) मेसिन वितरणको अन्तिम तयारी गरिएको छ।

४. किनी खाने होइन बेची खाने गाउँपालिका अभियान कार्यक्रम अन्तर्गत २ वटा कृषि फर्मसँगको साझेदारीमा अकबरे खुर्सानी खेतीको क्षेत्र विस्तार गरिएको छ।

५. वडा नं. ७ याङ्लाकोटमा रहेको हगाम याङ्लाकोट साना किसान सहकारीका २९ जना इच्छुक कृषकहरूलाई व्यावसायिक तरकारी खेती सम्बन्धी ३ दिने सघन तालिम प्रदान गरिनुका साथै आवश्यक कृषि सामग्रीहरू वितरण गरिएको छ।

६. विद्यालय र समुदायमा च्याउ खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत १० वटा माध्यमिक विद्यालयहरू र ३ वटा कृषि समूहहरूसँगको साझेदारीमा विद्यार्थी तथा कृषकहरूलाई 'कन्ये च्याउ' खेती प्रविधि सम्बन्धी व्यावहारिक सीप सिकाउने कार्य सफलतापूर्वक सम्पन्न भएको छ।

७. परम्परागत मौरीपालनलाई आधुनिकीकरण गर्न ३ दिने 'आधुनिक मौरीपालन तालिम' सञ्चालन गर्ने र कृषकहरूलाई आधुनिक मौरीसहितको घार वितरण गर्ने कार्य अन्तिम तयारीको चरणमा रहेको छ।

८. 'आलु बीउ उत्पादन कार्यक्रम' अन्तर्गत १८ जना कृषकहरूलाई बीउ उत्पादन सम्बन्धी ३ दिने तालिम प्रदान गरिएको छ। साथै सिँचाईका लागि ४ वटा प्लाष्टिक पोखरी निर्माण र ५ वटा मिनीटिलर सहयोग गरी कुल २० रोपनी जग्गामा आलुको बीउ उत्पादन कार्य सुरु गरिएको छ।

९. आलुबाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोकको प्राविधिक आयोजनामा वडा नं. ६ हगामका कृषकहरूलाई गुणात्मक रूपमा 'स्थलगत बीउ आलु उत्पादन' सम्बन्धी प्रविधि तालिम प्रदान गरिएको छ।

१०. वडा नं. ५ बराम्चीमा दुग्ध उत्पादनलाई प्रोत्साहन र बजार व्यवस्थापन गर्न 'हिमशिखर महिला समूह' सँगको साझेदारीमा डेरी तथा दूध चिस्यान केन्द्र (Chilling Center) स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

११. 'पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन' कार्यक्रम अन्तर्गत वडा नं. ७ याङ्लाकोटका २० जना सुनौलो हजार दिनका आमाहरूलाई घरमै ताजा र पोषणयुक्त सागसब्जी उत्पादन गर्न पोषण बगैंचा निर्माण सम्बन्धी तालिम प्रदान गरी आवश्यक कृषि सामग्रीहरू वितरण गरिएको छ।

१२. 'माटो शिविर तथा कृषि सर्वेक्षण कार्यक्रम' अन्तर्गत जुगल गाउँपालिकाका ७ वटै वडाहरूबाट संकलन गरिएका १८९ वटा माटोको नमुना परीक्षण गरिएको छ। परीक्षणको प्राविधिक प्रतिवेदन अनुसार माटोमा नाइट्रोजन र फस्फोरसको मात्रा 'मध्यम', पोटासियमको मात्रा 'कम' र माटोको पि.एच. (pH) मान 'तटस्थ' पाइएको छ।

१३. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको योजना तर्जुमालाई व्यवस्थित बनाउन वडा नं. २, ४ र ५ बाट नमूनाका रूपमा जम्मा ६४० वटा घरधुरीको तथ्याङ्क संकलन र अद्यावधिक गरिएको छ।

१४. चालु आर्थिक वर्षमा १ वटा नयाँ कृषि समूह दर्ता, ८ वटाको नवीकरण तथा १ वटा नयाँ कृषि सहकारी दर्ता र ३ वटा पुराना सहकारीहरूको नवीकरण कार्य सम्पन्न भएको छ।

**(ख) पशु सेवा:**

१. 'कृषि तथा पशुपन्छी बीमा प्रोत्साहन कार्यक्रम' अन्तर्गत ३५० वटा पशुहरूको कूल रु. १,२०,००,०००।- (अक्षरूपी एक करोड बीस लाख रुपैयाँ) बराबरको बीमा गरिएको छ। जसमध्ये हालसम्म क्षति भएका ४५ वटा पशुहरूको बीमा दाबी बापत कूल रु. १७,००,०००।- (अक्षरूपी सत्र लाख रुपैयाँ) भुक्तानी भइसकेको छ।

२. हिमाली क्षेत्रका चौंरीपालक कृषकहरूलाई प्रोत्साहन गर्न भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धुलिखेलबाट रु. ४०,००,०००।-, जुगल गाउँपालिकाबाट रु. १३,३३,३३३।- र स्थानीय समूहको रु. १३,३३,३३३।- गरी कूल रु. ६६,६६,६६६।- (अक्षरूपी छ्यासठ्ठी लाख छ्यासठ्ठी हजार छ सय छ्यासठ्ठी रुपैयाँ) को लागत साझेदारीमा १५ वटा घुम्ती गोठका २६ जना कृषकहरूलाई प्रतिगोठ २ वटाका दरले चौंरी/याक खरिद गरी हस्तान्तरण गरिएको छ।

३. पशुपन्छीमा लाग्ने सङ्क्रामक महामारी नियन्त्रणका लागि बाख्राहरूमा लाग्ने पि.पि.आर. रोग विरुद्ध ८,००० डोज र गाई, गोरु, भैंसी तथा चौंरी/याकहरूमा लाग्ने लम्पी स्किन डिजिज विरुद्ध ४,००० डोज खोप सफलतापूर्वक लगाइएको छ।

४. गाउँपालिकाको प्राविधिक सहयोगमा विभिन्न रोग (निमोनिया, रुघाखोकी, ज्वरो, मिल्क फिभर आदि) बाट सङ्क्रमित पशुहरूको परामर्श, उपचार र रोकथाम गरिएको छ। जसअन्तर्गत २६७ वटा बाख्रा, २३३ वटा गाई/गोरु, १२८ वटा राँगा/भैंसी र १९५ वटा चौंरी/याक गरी कूल ८२३ वटा पशुहरूको उपचार गरिएको छ।

५. ब्याउने क्रममा समस्या (जटिल प्रसूति) भएका २८ वटा पशुहरू (गाई ९, भैंसी ११ र बाख्रा ८) को प्राविधिक टोलीमार्फत आकस्मिक उपचार तथा सफल प्रसूति सेवा प्रदान गरिएको छ।

६. पशुहरूको नश्ल सुधार र व्यवस्थापनका लागि गाउँपालिकाको प्राविधिक सहयोगमा ५ वटा बहर र ७० वटा बोका गरी जम्मा ७५ वटा पशुहरूको बन्ध्याकरण (Castration) गरिएको छ।

७. व्यावसायिक पशुपालनलाई आधुनिकीकरण गर्ने नीति अनुरूप ३ वटा पशुपालन फर्महरूलाई व्यावसायिक दाना पिस्ने मेसिन (Chaff Cutter/Grinder) तथा उन्नत दाना-पानीको भाँडा व्यवस्थापनका लागि आर्थिक एवं प्राविधिक सहयोग गरिएको छ।

८. पशुहरूको स्वास्थ्य र सुरक्षाका लागि १९ वटा व्यावसायिक बाख्रा फर्महरूमा उन्नत खोर निर्माण तथा घेराबार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

९.

**(ग) श्रम तथा रोजगार :**

आर्थिक वर्ष २०८२/०८३ मा जुगल गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा रोजगार सिर्जना तथा बेरोजगार नागरिकलाई न्यूनतम रोजगार उपलब्ध गराउने उद्देश्यले विभिन्न श्रममूलक आयोजनाहरू सञ्चालन गरेको छ।

१. यस आर्थिक वर्षमा गाउँपालिकामा कुल ३३२ जना बेरोजगार व्यक्ति सूचीकृत भएका छन्, जसमा १६६ जना पुरुष र १६६ जना महिला रहेका छन्।

२. कार्यक्रम अन्तर्गत १४ वटा आयोजना सञ्चालन गरिएका छन् । तीमध्ये १४ वटा नै आयोजना सम्पन्न भइसकेका छन ।

३.रोजगारका लागि ५९ जना लाभग्राही छनोट गरिएकोमा ५८ जना लाभग्राही रोजगारमा संलग्न भएका छन् ।

४. कार्यक्रम मार्फत हालसम्म ४१८३ रोजगार दिन सिर्जना गरिएको छ, जसले स्थानीय नागरिकको आयआर्जन वृद्धि तथा स्थानीय पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुर्‍याएको छ।

**<u>वैदेशिक रोजगार सेवा केन्द्र तर्फः</u>**

वैदेशिक रोजगार कल्याणकारी कोष अन्तर्गत :

- शव झिकाउने सहायताः ३ परिवार
- शव ढुवानी सहायताः ३ परिवार
- छात्रवृत्ति प्राप्त विद्यार्थीः १८ जना
- अंगभंग सहायताः ५ जना

१ सुरक्षित बैदेशिक रोजगारी सम्बन्धि कार्यक्रममा सातै वटा वडाको गरि २०७ महिला र १५८ पुरूष गरी जम्मा ३६५ जनालाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धि अभिमुखिकरण गरिएको ।

**(घ) उद्यम विकासः**

१. चालू आर्थिक वर्ष २०८२/०८३ मा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत कूल ११८ जना स्थानीय उद्यमीहरूलाई रोजगारमूलक सीप विकास तालिम प्रदान गरिएको छ। साथै, नयाँ र पुराना गरी कूल १३७ जना उद्यमीहरूलाई उत्पादन वृद्धि र आधुनिकीकरणका लागि आवश्यक उपयुक्त प्रविधि हस्तान्तरण गरिएको छ।
२. नयाँ उद्यमी सृजना गर्न २३ जनाको सहभागितामुलक ग्रामीण लेखाजोखा कार्यक्रम सम्पन्न गरिएको छ।
३. परम्परागत तथा आधुनिक गलैंचा व्यवसाय प्रवर्द्धनका लागि ४० जना उद्यमीहरूलाई 'गलैंचा व्यवसाय सीप विकास तालिम' प्रदान गरिनुका साथै उद्यम सञ्चालनका लागि ४० थान गलैंचा बुन्ने तान (तान सेट) हस्तान्तरण गरि गलैंचा व्यवसाय सिप विकास तालिम प्रदान गरिएको छ ।जसमा १८ जनाको २०% लागत साझेदारी र २२ जनालाई प्रदेश सरकारबाट १००% अनुदानमा प्रविधि हस्तान्तरण भएको छ ।
४. व्यावसायिक तरकारी खेतीतर्फ आकर्षित ४३ जना उद्यमीहरूलाई तरकारी खेती सीप विकास तालिम सम्पन्न गरी आवश्यक प्रविधिहरू हस्तान्तरण गरिएको छ, २० जना कृषक उद्यमीहरूलाई खानेपानी सङ्कलन ड्रम र टनेल प्लाष्टिक वितरण गरिएको, २३ जना कृषक उद्यमीहरूलाई आधुनिक थोपा सिँचाई पाइप र टनेल प्लाष्टिक पूर्ण अनुदानमा हस्तान्तरण गरिएको छ ।
५. जुगलको भौगोलिक अनुकूलता अनुसार कफी खेतीको व्यावसायिक विकासका लागि ३५ जना कृषकहरूलाई 'कफी खेती सीप विकास तालिम' प्रदान गरिएको छ। साथै, उनीहरूलाई व्यावसायिक बनाउन प्रदेश सरकारको १०० प्रतिशत पूर्ण अनुदानमा आवश्यक कृषि प्रविधि तथा उपकरणहरू हस्तान्तरण गरिएको छ।

**४. भौतिक पूर्वाधार विकासतर्फः**

**(क) भौतिक पूर्वाधार**

१. आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाका स्वीकृत कुल २०२ वटा योजनाहरू मध्ये ठेक्का प्रक्रिया मार्फत १५ वटा, दरभाउ पत्र मार्फत ११ वटा र उपभोक्ता समितिको प्रत्यक्ष जनसहभागिता मार्फत १७६ वटा योजनाहरू सञ्चालनमा रहेका छन्।
२. चालू आर्थिक वर्षमा गाउँपालिकामा ६ वटा निर्माण व्यवसायीहरूलाई 'घ' वर्गको इजाजतपत्र (लाइसेन्स) प्रदान गरिएको छ।
३. पूर्वाधार गुणस्तर परीक्षणको लागि ल्याब सामग्री प्रयोग गरि गुणस्तरमा जोड दिइएको छ।

४. नियमित बस सञ्चालन हुने सडकहरूको नियमित मर्मत-सम्भार एवं स्तरोन्नति कार्य जारी राखिनुका साथै पालिकाभित्र कुल २८ किलोमिटर सडक स्तरोन्नति तथा बाटो सरसफाइ कार्य सम्पन्न गरिएको छ।
५. विभिन्न वडाहरू जोड्ने गरी कुल ८ किलोमिटर नयाँ सडक ट्र्याक निर्माण गरिएको छ भने जुगल-५ चनोटे-वाङ्जे-सिस्नेरी सडक निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
६. गाउँपालिकाका विभिन्न सडक खण्डहरूमा कुल ८०० मिटर सडक ढलान (RCC), ६ किलोमिटर सडक सोलिङ, ८०० घनमिटर प्लम ढलान र २,८०० घनमिटर मेसिनरी पर्खाल (Wall) निर्माण कार्य सम्पन्न भएको छ।
७. नागरिकहरूको आवतजावतलाई सहज बनाउन विभिन्न स्थानमा गरी कुल ४ किलोमिटर सिँढी तथा गोरेटो बाटो निर्माण गरिएको छ।
८. जुगल गाउँपालिकाको १० शैया अस्पताल निर्माण सम्पन्न हुने अन्तिम चरणमा रहेको छ।
९. गाउँपालिकाको मुख्य प्रशासनिक भवनको संरक्षण, परिसर घेराबार तथा आकर्षक मुख्य गेट निर्माण कार्य सम्पन्न भएको छ।
१०. गाउँपालिकाभित्र सञ्चालित विभिन्न ८ वटा स्वास्थ्य संस्थाहरूको भवन निर्माण तथा मर्मत-सम्भार कार्य सम्पन्न भएको छ।
११. भूकम्प प्रतिरोधी तथा सुरक्षित आवास नीति अनुरूप यस अवधिमा ६ वटा निजी/सार्वजनिक भवनहरूको नक्सा पास तथा अभिलेखीकरण कार्य सम्पन्न गरिएको छ।
१२. नागरिकहरूलाई स्वच्छ खानेपानी उपलब्ध गराउन 'एक घर, एक धारा' निर्माण कार्यलाई निरन्तरता दिइएको छ। जस अन्तर्गत चालू अवधिमा ३१ वटा खानेपानी ट्याङ्की निर्माण र ८ किलोमिटर खानेपानी पाइपलाइन विस्तार गरिएको छ।
१३. कृषिको आधुनिकीकरणका लागि ९ वटा सिँचाई ट्याङ्की निर्माण र ६ किलोमिटर सिँचाई पाइपलाइन विस्तार कार्य सम्पन्न भएको छ।
१४. सेतीदेवी माध्यमिक विद्यालय, रामेश्वर माध्यमिक विद्यालय र भीमसेन माध्यमिक विद्यालयको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। साथै ६ वटा विद्यालयहरूको घेराबार, रङरोगन तथा २ वटा आधुनिक शौचालय निर्माण कार्य सम्पन्न भएको छ।
१५. जुगल-१ मा निर्माणाधीन 'जुगल मिनी रङ्गशाला' र २ वटा खेल मैदान निर्माण कार्य सम्पन्न हुने अन्तिम चरणमा पुगेको छ।
१६. जुगल-२ सिन्दुर्चेमा **'जुगल भ्यू-पोइन्ट'** निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने अन्य स्थानमा ३ वटा भ्यू-पोइन्ट, ४ वटा विश्रामस्थल र २ वटा प्रतिक्षालय निर्माण भएका छन्।
१७. वडा नं. ६ मा मञ्जुश्री पार्क, च्याङ्ग्रसि पार्क र गाङ ब्ले बुद्धा पार्क निर्माण कार्य सम्पन्न भएको छ। जुगल-३ मा गुरु रिम्पोचेको मूर्ति, यर्सा गङ गुरु रिम्पोचेको मूर्ति र दोमङ पोखरी निर्माण कार्य सफलतापूर्वक सम्पन्न भएको छ।
१८. गाउँपालिकाका विभिन्न वडाहरूमा धार्मिक सद्भाव र सांस्कृतिक संरक्षणका लागि ११ वटा गुम्बा/छ्योर्तेन, १२ वटा मन्दिर, ५ वटा सामुदायिक भवन र ३ वटा व्यवस्थित दाहसंस्कार स्थल (घाट) निर्माण कार्य सम्पन्न भएको छ।

१९. थाम्राङ खोला झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ ।

२०. वडागत रुपमा समानुपातिक रुपले बिकासको अधारभुत सेवा सुविधाहरुको निर्माण कार्य भएको छ।

**५.वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फः**

| क्र स | जम्मा लाभग्राही | लाभग्राही पहिचान | | जग्गा खरिद | प्रथम किस्ता | दोस्रो किस्ता | अहिलेको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | पुनस्थापना | पुननिर्माण | | | | |
| १ | ३३९ | ३०१ | ३८ | २९० | २२१ | १३२ | ३२ |

१. गाउँपालिकाभित्र घटेका विभिन्न विपद्का घटनाहरू पश्चात् प्राप्त प्रहरी मुचुल्का तथा सम्बन्धित वडा कार्यालयको सिफारिस/निवेदनका आधारमा प्रभावित परिवारहरूलाई राहत स्वरूप हालसम्म १४८ थान त्रिपाल वितरण गरिएको छ।

२. विपद् प्रभावित कुल ३६ जना नागरिकहरूलाई 'अस्थायी आवास लाभग्राही' का रूपमा कायम गरी आवास निर्माण प्रक्रिया अगाडि बढाइएको छ। जसमध्ये हालसम्म ४ वटा आवास निर्माण कार्य पूर्ण रूपमा सम्पन्न भइसकेको छ भने बाँकी घरहरू निर्माणको अन्तिम चरणमा रहेका छन्।

३. गाउँपालिकाभित्र आइपर्ने विभिन्न विपत्तिहरूको पीडितहरूलाई आर्थिक सहायता, पूर्वतयारी तथा प्रतिकार्य (कार्यका लागि 'विपद् व्यवस्थापन कोष' शीर्षकबाट खर्च व्यहोर्ने गरी हालसम्म कुल रु. २८,११,२२९.०० खर्च भएको छ।

४. जुगल गाउँपालिकाको विपद् जोखिमयुक्त क्षेत्रहरूको व्यवस्थित योजना निर्माणका लागि आधुनिक भौगोलिक सूचना प्रणाली आधारित नक्सा तयार गरिएको छ।

५. भू-उपयोग ऐन र नियमावली बमोजिम जुगल गाउँपालिकाको सम्पूर्ण भूभाग (जग्गा) को भू-उपयोग क्षेत्र वर्गीकरण कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ।

६. गाउँपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरूको दिगो उपयोग र राजस्व संकलनलाई व्यवस्थित गर्न स्लेट ढुङ्गा, गिटी तथा बालुवा उत्खनन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination - IEE) प्रतिवेदन तयार गरिएको छ।

**६.न्यायिक तर्फः**

१. न्यायिक समितिमा दर्ता हुन आएका स्थानीय विवादहरूलाई आपसी सद्भाव र मेलमिलापका माध्यमबाट समाधान गरिएको छ। यस अवधिमा कुल १३ वटा विवादहरू दर्ता भएकोमा न्यायिक समितिको सक्रियतामा ९ वटा विवादहरू सफलतापूर्वक मेलमिलाप गराई किनारा लगाइएको छ भने बाँकी विवादहरू प्रक्रियामा रहेका छन्।

२. मेलमिलाप सम्बन्धी जिल्ला स्तरीय समीक्षा तथा समन्वय कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ।

३. विपन्न, असहाय र न्यायमा पहुँच नभएका नागरिकहरूका लागि गाउँपालिकाबाट नियमित रूपमा 'निःशुल्क कानुनी सहायता तथा परामर्श सेवा' प्रदान गर्रिंदै आएको छ।

४. नागरिकहरूका समसामयिक कानुनी जिज्ञासा, अधिकार र समस्याहरूका बारेमा जानकारी प्रदान गर्न र स्थानीय सरोकार बुझ्न नागरिकहरूसँग कानुनी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

५. समाजमा विद्यमान विभिन्न सामाजिक विकृति, विसङ्गति र बालविवाह जस्ता गैरकानुनी कार्यहरू विरुद्ध जनचेतना जगाउन गाउँपालिकाभित्रका विभिन्न विद्यालय तथा सार्वजनिक स्थलहरूमा कानुनी सचेतना तथा सडक नाटक कार्यक्रम  सम्पन्न गरिएको छ।

**७.संघ संस्था साझेदारीः**

१. जुगल गाउँपालिकाको समन्वय तथा शान्ति फाउण्डेशनको आयोजनामा गाउँपालिकाभित्र जोखिममा रहेका सामुदायलाई उत्थानशिल जिविकोपार्जन निर्माण सम्बन्धी पञ्चवर्षिय परियोजना कार्यक्रमको शुभारम्भ भई सबै वडामा व्यवहार परिवर्तनसम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ।

२. जुगल गाउँपालिका र महिला आत्मनिर्भरता केन्द्र (SACC) को संयुक्त साझेदारीमा वडा नं. २ मा ३ कोठे ताकु सामुदायिक स्वास्थ्य इकाई को सुविधासम्पन्न भवन निर्माण कार्य सम्पन्न भई उक्त भवन बाट स्वास्थ्य सेवा समेत विधिवत् रूपमा सुचारु भइसकेको छ।

३. लिभिङ वाटर (Living Water) सँगको प्राविधिक तथा आर्थिक साझेदारीमा गाउँपालिकाको वडा नं. १, २, ४, ५ र ६ मा एक घर, एक धारा खानेपानी आयोजना निर्माण सम्पन्न गरी स्थानीयलाई सहज र स्वच्छ खानेपानी उपलब्ध गराइएको छ।

४. रीड नेपाल (READ Nepal) को सहयोगमा जुगल गाउँपालिकाका वडा नं. ३, ५ र ७ भित्रका विद्यालयहरूमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि 'स्थानीय स्रोत-साधनमा आधारित शैक्षिक सामग्री निर्माण तालिम' सञ्चालन गरिएको छ।

५. दयाका हातहरू नेपाल नामक संस्थाको सहयोगमा गाउँपालिकाभित्रका विभिन्न विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरी आवश्यक शैक्षिक सामग्रीहरू वितरण गरिएको छ।

६. अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र (HRDC), धुलिखेलसँगको निरन्तर समन्वयमा पालिकाभित्रका अपाङ्गता भएका बालबालिकाहरूको स्वास्थ्य परीक्षण गरिनुका साथै उनीहरूको सहजताका लागि आवश्यक ह्विलचेयर, वैशाखी लगायतका अन्य सहायता सामग्रीहरू वितरण गरिएको छ।

७. जुगल हिमालको काखमा अवस्थित यस गाउँपालिकाको पर्या-पर्यटन र साहसिक पर्यटनलाई विश्व बजारमा प्रवर्द्धन गर्न तथा पर्वतारोहण क्षेत्रको विकासका लागि नेपाल पर्वतारोहण सङ्घ (NMA) सँगको समन्वय एवं सहकार्यमा आवश्यक आर्थिक तथा प्रशासनिक सहयोग उपलब्ध गराइएको छ।

८. लोपोन्मुख लोक संस्कृति, कला र रैथाने सङ्गीतको संरक्षण एवं पुस्तान्तरण गर्ने नीति अनुरूप बृहत गन्धर्व सांस्कृतिक अभियान लाई पालिकाको तर्फबाट प्रवर्द्धनात्मक आर्थिक सहयोग प्रदान गरिएको छ।

९. गाउँपालिकाभित्र खेलकुदको विकास, खेलाडीहरूको प्रतिभा पहिचान र "स्वास्थ्यका लागि खेलकुद" भन्ने मूल नारालाई सार्थक बनाउन विभिन्न विधाका खेलकुद प्रतियोगिताहरूलाई आर्थिक सहयोग तथा पुरस्कारको व्यवस्था गरिएको छ ।

**सहकारी शाखा प्रगति समीक्षा**

१. गाउँपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरूलाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको अनलाइन प्रणालीमा आबद्ध गराउन सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सम्बन्धी सघन प्राविधिक तालिम सफलतापूर्वक सम्पन्न गरिएको छ।

२. पालिकाभित्रका सबै विधाका सहकारी संस्थाहरूको वास्तविक स्थिति, सेयर सदस्य सङ्ख्या, वित्तीय कारोबार र लगानीको क्षेत्र पहिचान गर्न 'सहकारी सम्बन्धी विस्तृत तथ्याङ्क सङ्कलन, प्रविष्टि तथा अद्यावधिक गर्ने कार्य शुरु गरिएको छ।

३. पालिकाभित्रका विभिन्न सहकारी संस्थाहरूको प्रभावकारी स्थलगत अनुगमन तथा सुपरीवेक्षण कार्य सम्पन्न गरिएको छ।

४. सहकारी संस्थाहरूको चालू आर्थिक वर्षको विस्तृत तथ्याङ्क, वार्षिक प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन सङ्कलन एवं अद्यावधिक गर्ने कार्यको शुरुवात भएको छ।